**निर्णय** :-

१. नोभले कोरोना भाईरस (Covid-19) वाट कसरी आफु र अरुलाई बचाउने भन्ने विषयमा सबै स्थानीय तह, नेपाल रेडक्रस सोसाईसटि, जिल्ला शाखा, स्वास्थ्य कार्यालयहरुले समन्वयात्मक रुपमा व्यक्तिगत सरसफाई र रोगबाट बच्ने उपायको सचेतनामूलक पर्चा, पम्पप्लेट, Flex Board, तथा स्थानीय F.M र पत्र पत्रिकामार्फत प्रकाशन, प्रशारण तथा वितरण गरी जनमानसमा छिटो छरितो र सहि सूचना प्रवाह गर्ने ।

२. जिल्ला प्रवेश तथा नेपाल-भारत सीमावर्ती क्षेत्रका मूख्य/मूख्य नाकाहरुमा स्वास्थ्यकर्मी तथा उपकरण सहितको Help Desk स्थापना गर्दै जाने र यसको नियमित अनुगमन समेत गर्ने ।

३. स्वास्थ्य कार्यालय समेतको समन्वयमा सबै स्थानीय तहहरुले आपतकालिन अवस्थामा क्वारेन्टाईन गर्न आवश्यक पर्ने क्वारेन्टाईन भवन/स्थल पहिचान गर्ने ।

४. नेपाल-भारत सीमा नाका (भंसार) तथा प्रदेश नं. १ र २ जोड्ने मूख्य विन्दु कोशी ब्यारेज नजिक आवश्यक जनशक्ति र सोको लागि आवश्यक Equipment, Infrared Thermometer, मास्क, चस्मा, ग्लोब, एप्रोन जस्ता सामाग्री सहितको Screening desk स्थापनाको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ समक्ष अनुरोध गर्ने ।

५. Covid-19 को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाका लागि आवश्यक औषधी, औजार तथा उपकरणको आवश्यकता प्रक्षेपण गरी अपुग औषधि, औजार तथा उपकरणको मापदण्ड बमोजिमको विवरण स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल सुनसरीले स्थानीय तह तथा सरोकारवाला निकायसंगको समन्वयमा ३ (तिन) दिन भित्र तयार गरी जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

६. जिल्ला अस्पताल, ईनरुवाले Isolation Bed खडा गर्न आवश्यक तयारी गर्ने ।

७. नेपाल-भारत वीच आवत जावत हुने लामो दुरीका यात्रुवाहक सडक यातायात सार्वजनिक सवारी साधनहरुको संचालन हाल स्थगित गर्ने ।

८. संभावित संक्रमणको जोखिमवाट सुरक्षित रहन साना ठुला कुनै पनि जमघट नगर्न नगराउन सबैलाई आहवान गर्ने र सुरक्षा निकाय तथा स्थानीय तहवाट यसको नियमित अनुगमन गर्ने ।

९. अत्यावश्यक वस्तुहरुको अभाव हुन नदिन सबै उद्योगी तथा व्यापारीहरुले आवश्यक प्रवन्ध मिलाउने । कृतिम अभाव हुन/गर्न नदिन नियमित अनुगमन (सुरक्षा निकाय तथा सबै स्थानीय तहहरुवाट) गर्ने । कानून विपरितको कार्य भए गरेको पाईएमा तत्काल कारवाही गर्ने ।

१०. Covid-19 को रोकथाम र प्रतिरक्षा सम्बन्धी विषयमा सूचना प्रवाह गर्न तथा Media संग सम्पर्क गर्नका लागि स्वास्थ्य कार्यालय, सुनसरीका प्रमुख श्री सागर प्रसाईलाई सुचना अधिकारी तोक्ने ।

११. सबै स्थानीय तह, नेपाल रेडक्रस सोसाईटि तथा स्वास्थ्य संस्थाहरुले आ-आफ्ना Ambulance Standby राखी बैकल्पिक चालकको समेत व्यवस्था मिलाउने ।

१२. अति आवश्यक परेको अवस्थामा वाहेक स्वास्थ्यकर्मी विदा नबस्ने ।

१३. सेवाग्राहीहरुको बढी भिडभाड हुने कार्यालय जस्तै मालपोत, नापी, हस्पिटल यातायात व्यवस्था कार्यालय जस्ता कार्यालयहरुले सेवा प्रवाहलाई सरलिकृत गरी बढि भिडभाड नहुने व्यवस्था मिलाउने ।